नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, ललितपुर।

## विज्ञप्ति

राजस्व अनुसन्धान विभागमा प्राप्त गोप्य सूचनाको आधारमा राजस्व अनुसन्धान विभागबाट खटिई गएको सशस्त्र प्रहरी बल, नेपाल राजस्व प्रहरी इकाईको टोलीले मिति २०८१/१०/१७ गते ११:४० बजेको समयमा जिल्ला ललितपुर, टिकाभैरव भन्ने स्थानबाट सारी, सुटिङ्ग कपडा (ग्वालियर) समेतका मालवस्तुहरु बोकेको ढुवानीको साधन र उक्त साधनका साथ फेला परेका शङ्कास्पद VCTS थान-३, प्रज्ञापन पत्र थान-४, बिल बीजक थान-३ समेत संलग्न राखी राजस्व चुहावट सम्बन्धी अनुसन्धानका लागि यस विभागमा जाहेरी निवेदन पेश भएको आधारमा अनुसन्धान कार्य सम्पन्न गरी जिल्ला सर्लाही, मलंगवा नगरपालिका वडा नं. ५ बस्ने वर्ष ५४ को सैराजुल मिया मुकेरी र जिल्ला महोत्तरी, बर्दिबास नगरपालिका वडा नं. २ बस्ने वर्ष २६ को तेज बहादुर खत्री विरूद्ध राजस्व चुहावटको कसूरमा मुद्दा दायर गरिएको छ।

प्रतिवादी सैराजुल मिया मुकेरीले भारतमा उत्पादित सुटिङ्ग कपडा (ग्वालियर), कडाई सारी, फेन्सी सारी, कुर्ता सलवार समेत ११ किसिमका मालवस्तुहरु भन्सार चोरी पैठारी गरी झुटा तथा नक्कली बिल बीजक (स्था.ले.नं. नै दर्ता नरहेको) र नक्कली VCTS कागजात तयार गरी अर्का प्रतिवादी ढुवानी चालक तेज बहादुर खत्रीलाई प्रयोग र परिचालन गरी ओसारपसार गर्ने गरेको तथ्य अनुसन्धानबाट देखिएको हुँदा दुवै प्रतिवादीहरु मिली एक आपसमा मत सल्लाह गरी नक्कली कागज समेत तयार गरी अवैध रुपमा सुटिङ्ग तथा सारी समेतका मालवस्तुको ओसारपसार गरी निज प्रतिवादीहरूले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको तथा दफा ४ को खण्ड (क), (ख) र (झ) बमोजिम राजस्व चुहावटको कसूर गरेको स-प्रमाण पुष्टि हुन आयो।

अतः प्रतिवादीहरु सैराजुल मिया मुकेरी र तेज बहादुर खत्रीको प्रस्तुत कार्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित तथा दफा ४ को खण्ड (क), (ख) र (झ) बमोजिमको कसूरमा ऐ. ऐनको दफा २(छ१) बमोजिमको बिगो रकम रु.३२,९६,९१३।०० (अक्षरेपी बत्तीस लाख छयानब्बे हजार नौ सय तेह्र रुपैंया मात्र) कायम गरी ऐ. ऐनको दफा २३(१) बमोजिम बरामदित सारी समेतका मालवस्तुहरु (बिगो) जफत गरी बिगो रकमको शतप्रतिशत जरिवाना रु.३२,९६,९१३।०० र प्रतिवादीहरुलाई ऐ. ऐनको दफा २३ को उपदफा (१)(क) बमोजिम अधिकतम ६ महिनासम्म कैद सजाय गर्ने र अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१ बमोजिम प्रतिवादीहरुबाट क्षतिपूर्ति शुल्क भराई पाउन समेत मागदावी लिई सम्मानित उच्च अदालत पाटनमा मिति २०८२/०३/११ गते अभियोगपत्र दायर गरिएको छ।

साथै, मुख्य प्रतिवादी सैराजुल मिया मुकेरीले नक्कली बिल बीजकको प्रयोग गरी यस विभागबाट जारी हुने VCTS को मेनिफेस्टोलाई Edit गरी नक्कली बनाई राजस्व चुहावट गर्ने कार्यमा प्रयोग समेत गरेको हुँदा सरकारी कागजपत्र किर्ते गरेको तर्फ थप अनुसन्धान गर्नुपर्ने देखिएकोले सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा लेखी पठाउनुपर्ने समेतको मागदावी लिइएको छ।

२०८२/०३/११

(कृष्ण कुमारी श्रेष्ठ)
प्रवक्ता/उपमहानिर्देशक